स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दशैंको फूलपातीबाट प्रदर्शनमा आएको फिल्म 'ज्वाइँ साब'ले सुरुवातदेखि नै 'छक्का पञ्जा ५' र '१२ गाउँ'सँगको भिडन्तका कारण अपेक्षित शो पाउन सकेन । 'ओपनिङ' पनि सन्तोषजनक नहुँदा शो झनै खुम्चियो । तर, 'वर्ड अफ माउथ' राम्रो मिल्न थालेपछि फिल्मले गति समात्यो । फिल्ममा जितु नेपाल, नीति शाह, बुद्धि तामाङ, रमेश बुढाथोकी, शिशिर वाङ्देल शिवु पाण्डे, इशान राउत लगायतको अभिनय छ ।

**आजको विचार...**



स्वरोजगार... *(दुई पेजमा)*

लोकेन्द्र खड्का



'पूर्ण बहादुरको सारङ्गी'को रिलिजबारे प्रकाश भन्छन्, 'मसँग लडी बस्ने इनर्जी भएन' गायन करिअरको उचाइँमा रहेका प्रकाश सपूत फिल्म 'परदेशी २'बाट हिरो बने । यो फिल्म सफल भएपछि उनलाई अफरको ओइरो लाग्यो । र, दोस्रो फिल्मको रुपमा उनले 'पूर्ण बहादुरको सारङ्गी'मा काम गरे, जुन यही कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शनमा आउँदैछ । यसमा उनले अभिनेता विजय बरालको छोराको भूमिका निभाएका छन्, जो गन्धर्व समुदायका हुन् । यो फिल्ममा काम गर्न प्रकाशले एउटा सर्त राखेका थिए ।

❒ वर्ष ३० ❒ अंक ९२ ❒ २०८१ कात्तिक ५ गते सोमबार 21 October 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# लामिछानेलाई ६ दिन हिरासतमा राख्न अनुमति

## पोखरामा प्रदर्शनकारीले निषेधाज्ञा तोड्न खोज्दा तनाव

**हाम्रा संवाददाता**

**पोखरा,** कार्तिक ४/सहकारी ठगी र संगठित अपराधमा अनुसन्धानका लागि पक्राउ परेका पूर्वउपप्रधान तथा गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई जिल्ला अदालत कास्कीले ६ दिन हिरासतमा राख्न अनुमति दिएको छ । जिल्ला अदालत कास्कीका न्यायाधीश नवराज दाहालको इजलासले लामिछानेलाई गत शुक्रबारदेखि लागू हुनेगरी ६ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको हो ।

अनुसन्धान गर्न म्याद थपका लागि लामिछानेलाई आइतबार जिल्ला अदालत कास्कीका न्यायाधीश नवराज दाहालको इजलासमा पेस गरिएको थियो । जिल्ला सरकारी वकिल कार्यालयका न्यायाधिवक्ता कमला काफ्ले, सहायक जिल्ला न्यायायधिवक्ता शान्तिदेवी शर्मा र विपिनराज तिवारी र पीडितको तर्फबाट वेदबहादुर विष्टले बहस गर्दै अनुसन्धानका लागि ६ दिनको म्याद थप गर्न माग गरेका थिए । लामिछानेको तर्फबाट वरिष्ठ अधिवक्ताहरु सुशील पन्त र नारायण घिमिरेले बहस गरेका थिए । जिल्ला



अदालत कास्कीको पक्राउ पुर्जी जारी गरेसँगै शुक्रबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले लामिछानेलाई काठमाडौंबाट पक्राउ गरेको थियो । लामिछानेलाई सहकारी ठगी, संगठित अपराध एवं किर्तेसम्बन्धी कसुरमा अनुसन्धानका लागि पक्राउ गरिएपछि लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधिएको भन्दै पार्टीका नेता कार्यकर्ताहरु पोखरासहित देशका विभिन्न शहरमा प्रदर्शनमा उत्रिएका छन् । शनिबारदेखि कार्यकर्ताहरु प्रदर्शनमा उत्रिएपछि पोखरामा स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको छ । आइतबार बिहान पौने १२ बजेदेखि अर्को आदेश नभएसम्मका लागि पोखरा महानगरपालिकाका विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी गरिएको हो । लामिछानेलाई अदालत उपस्थित गराउने क्रममा कार्यकर्ताले निषेधित क्षेत्र तोडेर प्रर्दशन गर्न थालेपछि प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा प्रहार गरेको छ । केहीबेर प्रहरी र प्रदर्शनकारीबीच धकेलाधकेलसमेत भएको थियो । जिल्ला प्रशासन कार्यालय निषेधाज्ञा जारी गरिएको क्षेत्रमा ५ जनाभन्दा बढी व्यक्ति भेला हुन रोक लगाइएको छ । त्यस्तै अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा जस्ता विरोधका कार्यक्रम गर्नसमेत निषेध गरिएको छ । सहिद चोकआसपास र गैह्रापाटनआसपास क्षेत्रमा निषेधाज्ञा जारी भएको हो । पोखराको सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबावु (जिवी राई) सँग मिलेर सभापति लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको विषयमा उनीविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ ।

## संक्षिप्त समाचार

### हमलामा ७० को मृत्यु

**(रासस/एएनआई)**

**तेल अभिव,**कात्तिक ४/उत्तरी गाजाको बेइट लाहियामा भएको इजरायली आक्रमणमा ७३ जनाको मृत्यु भएको र धेरैजना भग्नावशेषमुनि पुरिएको आसङ्का रिएको अल जजिराले जनाएको छ । उद्धार कार्य जारी रहँदा मृतकको सङ्ख्या बढ्ने अनुमान गरिएको गाजाको सरकारी मिडिया कार्यालयले जनाएको छ । गाजा पट्टीको उत्तरमा खाद्यान्न, पानी र औषधि जस्ता आवश्यक सेवाको पहुँच विच्छेद गरेको १६ दिने इजरायली सैन्य घेराबन्दीका कारण उत्तरी गाजाको अवस्था भयावह बनेको छ । यद्यपि, इजरायली रक्षा बल ( आइडिएफ) ले उत्तरी गाजामा हालैका आक्रमणमा ७३ जनाको मृत्यु भएको हमासको दाबीमा शङ्का व्यक्त गरेको छ भने टाइम्स अफ इजरायलले यो तथ्याङ्क 'अतिरञ्जित' भएको जनाएको छ । लेबनानी सशस्त्र समूह हिजबुल्लाहले प्रहार गरेको रकेट आक्रमणको जवाफमा इजरायलले लेबनानको बेरुतमा उक्त समूहका लक्ष्यमा आक्रमण गरिरहेको टाइम्स अफ इजरायलले जनाएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूको घरतिर ड्रोन प्रहार गरेपछि यो पछिल्लो आक्रमण भएको हो । सामाजिक सञ्जाल एक्समा नेतान्याहूले लेख्नुभएको छ, 'इरानको प्रोक्सी हिजबुल्लाहले आज मेरो र मेरी श्रीमतीको हत्या गर्ने प्रयास गर्नु गम्भीर गल्ती थियो । यसले मलाई वा इजरायल राज्यलाई हाम्रो भविष्य सुरक्षित गर्न हाम्रा शत्रुविरुद्ध न्यायपूर्ण युद्ध जारी राख्नबाट रोक्नेछैन ।'

# चिउरीको दाना पेलेर घ्यूको जोहो गरिँदै

**देउखुरी(दाङ),**कात्तिक ४/गाउँका घरमा भोटेताल्चा लागेका, गाउँ सुनसान तर गाउँको बीचमा रहेको टिनको टहरामा ढिकी कुटेको आवाज एकनासले आइरहेको छ । नजिकै आगो बालेको धुवाँ आइरहेको छ । आगोमाथि कालो भाँडोबाट एकनासले बाफ निस्किरहेको छ । गाउँले धेरैजसो यसरी नै सोही ठाउँमा चिउरीका बिजुला कुट्न र पेल्दै गरेका भेटिए ।

ञगाउँघरमा कोल र ढिकी लोप हुँदै गइरहेका बेला दाङको घोराही उपमहानगरपालिका-१८ घोरदौराका नागरिकले परम्परागत प्रविधि प्रयोग गरी घ्यू उत्पादन गर्ने गरेका छन् । घोरादौरको लामीधारा गाउँमा १४ परिवारको बसोबास छ । सोही गाउँका राधा गिरी चिउरीका बिजुला पकाउँदै गरेको अवस्थामा भेटिइन । उनले जङ्गलमा खेर गइरहेको चिउरीको दाना पेलेर घ्यू उत्पादन गर्ने गरेको बताइन् । घरको कामबाट फुर्सद निकालेर नजिकैको जंगलमा गएर चिउरी टिप्ने गरेको उनले सुनाइन् । 'प्रत्येक वर्ष बिजुला टिप्ने र पेल्ने गर्छौं, यस वर्ष पाँच मुरी चिउरी टिपेका थियौं, त्यही पेलेर घ्यू बनाउँदैछौं', गिरीले भनिन् । जंगलमा खेर गइरहेको चिउरीको दाना पेलेर घरमै घ्यू उत्पादन



गर्दै आएको उनले बताइन् । गिरीले भनिन्, 'बाउबाजेको पालादेखि घोरदौरामा चिउरीको राम्रो उत्पादन हुँदै आएको छ, हामीले पनि प्रत्येक वर्ष घ्यू उत्पादन गर्दै आएका छौं ।' चिउरीकै घ्यू प्रयोग गरेर खाना पकाउँदै आएको गिरीले सुनाइन । तिहारमा रोटी पकाउन पनि चिउरीको घ्यू प्रयोग गर्ने उनले बताइन् । बजारको तेलप्रति रुचि नभएको उल्लेख गर्दै उनले घरमै एकपटक चिउरीको बियाँ पेलेपछि वर्षभरिलाई पुग्ने गरेको जानकारी दिइन् । गाउँका सबै मिलेर चिउरी कुट्ने, पेल्ने गरेका छौं, एक्लै काम गर्न गाह्रो हुन्छ गाउँघरका सबै मिलेर पालैपालो काम गर्ने गरेको गिरीले बताइन् ।

-बाँकी अन्तिम पेजमा...

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं**

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघातजस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले,

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारिरीक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## गलत बाटोमा रास्वपा

सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एंव पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउको विरोधमा पार्टीका नेता एवं कार्यकर्ता सडक संघर्षमा उत्रिएका छन् । सहकारी ठगी, संगठित अपराध एवं किर्तेसम्बन्धी कसुरमा अनुसन्धानका लागि पक्राउ परेका लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधिएको भन्दै उनीहरु पोखरासहित देशका विभिन्न शहरमा प्रदर्शनमा उत्रिएका छन् । अहिलेको अवस्थामा समर्थक र कार्यकर्ता उतारेर रास्वपाले रवि समातिनुको कारण राजनीतिक प्रतिशोध रहेको भाष्य स्थापित गर्न खोज्नु गलत हो । लामिछानेमाथि प्रतिशोधको राजनीति नै गरिएको हो भने यो किन र कसरी हो ? के वास्तवमै प्रचण्ड नेतृत्वको सरकारले मुलुकमा भ्रष्टाचारलाई निमिट्यान्न पार्ने संकल्प गरेको र यसविरुद्ध अहिलेको गठबन्धन बनेको हो ? कुन व्यक्ति र शक्तिले यसमा भूमिका खेले ? अचानक सरकार परिवर्तन कसलाई कति फाइदा पुग्यो ? कम्तीमा यी प्रश्नका प्रामाणिक जवाफले मात्र प्रतिशोधको राजनीतिको रटानलाई पुष्टि गर्न सक्छ । सत्तामा हुँदा तिनकै अगलबगलमा बसेर दीक्षा लिइरहँदा ओली–देउवा पवित्र हुने र सत्ता बाहिर रहँदा तिनैमाथि कारवाही गर्न लागेको फुइँ गर्ने प्रवृत्ति राम्रो हैन ।

अहिले रास्वपाका नेता र कार्यकर्ताले निष्पक्ष छानविनमा सघाउनुपर्नेको सट्टा सडकमा उत्रिएर लामिछानेको बचाउ गर्ने विभिन्न आरोपमा उत्रिनु भनेको सिंगो पार्टी नै गलत प्रवृतिमा लागेको देखिन्छ । यसले सिंगो लोकतन्त्रलाई नै दुषित बनाउन्छ भन्ने कुरा रास्वपाले विसर्नु हुन्न । छानविनमा रहेको व्यक्तिलाई रिहाइ गरिनुपर्छ, निर्दोष छ भन्ने कुरा गैरलोकतान्त्रिक र कानुनको शासनको विपरित हो । कुनै पनि राजनीतिक दल त्यसका कार्यकर्ताको भूमिका भनेको कानुनको शासन र लोकतन्त्रलाई संरक्षण गर्ने खालको हुनुपर्छ । तर रास्वपामा भने त्यस्तो देखिएन । वैकल्पिक पार्टीका रुपमा उदायको पार्टीका सभापति समेत रहेका लामिछानेले नै आफूविरुद्ध पक्राउ पछि सामाजिक सञ्जालमा, सरकार मर्‍यो हामीलाई जुठो पर्‍यो भन्ने शब्द लेख्नु एकदमै अराजक, गैरसंसदीय र कुनै पनि सभ्य व्यक्तिले लेख्नै नमिल्ने शब्द हो । यसबाट पनि रास्वपा र लामिछानेको राजनीतिक प्रवृत्ति, क्षमता र स्वभाव गलत छ भन्ने प्रष्टै हुन्छ । लामिछानेको मुद्दा अनुसन्धानकै क्रममा रहेकाले दोषी वा निर्दोश भन्ने कुरा अदालतले नै गर्ने भएकाले अहिले सडकमा उत्रिनु उचित हैन । बरु अनुसन्धानलाई सघाउनु रास्वपाको उचित कदम हुन सक्छ ।

### Opinion @ Social Network

तागत शब्दमा राख्नुस आवाजमा होइन,
किनकी बाली बर्षाले उमार्छ, बाढीले होइन ।

*(निषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com//nisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्वरोजगार नीति किन आवश्यक ?



**लोकेन्द्र खड्का**

राज्यले आवश्यकता महसुस गरी राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, युवा नीति लगायत निर्माण नगरेको होइन तर ती नीतिहरू वर्तमान नेपालको समस्या समाधानार्थ पर्याप्त भएनन् । गरिबी निवारणका लागि राज्यमा उपलब्ध श्रमशक्तिलाई सुरक्षित एवं व्यवस्थित तरिकाले उत्पादनको क्षेत्रका आबद्ध गराई अर्थतन्त्र सबल बनाउने रोजगार नीतिमा उल्लेख छ । यस्तै, युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गर्दै राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा योगदान दिन सक्ने युवा तयार गर्ने लक्ष्य युवा नीतिले लिएको छ तर रोजगारका अवसर गुम्ने क्रम निरन्तर छ । निर्यातभन्दा आयात अत्यधिक भई स्वरोजगारका अवसर समेत गुमिरहेका छन् । रोजगारीका अवसर वृद्धि गर्न ठुल्ठुला बहुराष्ट्रिय कम्पनीलाई भित्र्याउँदा स्वदेशका थुप्रै स-साना उद्योग बन्द भई स्वरोजगारको पूर्वाधार भत्किने गर्छन् । बजार नियन्त्रित अर्थ-व्यवस्थामा रोजगार तथा स्वरोजगारका अवसरलाई निजी क्षेत्रले पूर्ण रूपमा बेवास्ता गरी मुनाफामा मात्र ध्यान दिएको हुन्छ । यस्तो अवस्थामा राज्यले अभिभावकीय भूमिका निभाउन नसक्ने हो भने लाखौंको संख्यामा रोजगारी र स्वरोजगारका अवसर एकैपटक गुम्ने गर्छन् । निर्माणको क्षेत्र, कपाल कटाइको क्षेत्र, प्लम्बिङ, मार्बलिङजस्ता क्षेत्रमा विशेष गरी छिमेकी देश भारतबाट श्रमिक आउने गरेका छन् । यस्ता काममा देशकै युवा लाग्ने वातावरण राज्यले तयार गर्न सकेको छैन । यी र यस्ता समस्या समाधानार्थ स्वरोजगार नीति आवश्यक देखिन्छ ।

**राजनीतिकसँगै आर्थिक परिवर्तन**

देशमा हुने हरेक ठुला परिवर्तनले युवामा आशाको सञ्चार गरेको हुन्छ अनि आशा पूरा नभएमा चाँडै निराशा समेत पलाउँछ । विशेष गरी २०४६ र २०६४ को परिवर्तनपछि युवामा आशा पनि बढेको र निराशा पनि चाँडै आएको देखिन्छ । परिवर्तनपछि युवामा बढेको उत्साह र आशालाई उत्पादकत्व वृद्धिमा जोड्न सकेको भए राजनीतिक परिवर्तनलाई टेवा पुग्ने गरी आर्थिक विकासका पूर्वाधार निर्माण हुने थिए । त्यसो नभएर राजनीतिक प्रणाली परिवर्तन गर्ने तर देशको उत्पादन प्रणालीलाई यथावत् राख्दाको परिणाम अहिले देशको अर्थतन्त्रमा देखिरहेको छ । उत्पादन प्रणाली परिवर्तन गर्न उत्पादनका साधनको बाँडफाँड गर्ने प्रणालीमा परिवर्तन गरिनुपर्दथ्यो । हामीकहाँ जमिनको स्वामित्त्व लिने, पुँजी आर्जन गर्ने र श्रमिक व्यवस्थापन गर्ने विधि-प्रक्रिया पुरानै किसिमको छ । नयाँ प्रविधिको प्रयोगमा हामी धेरै पछाडि छौं । त्यसैले राजनीतिक परिवर्तन र आर्थिक परिवर्तनमा तालमेल मिलिरहेको छैन । युवाहरू परिवर्तनका संवाहक हुन् भन्दै राजनीतिक परिवर्तनमा युवालाई सरिक गराउने तर परिवर्तनपछिको आर्थिक परिवर्तनको चरणमा युवालाई सरिक नगराउनु नै हाम्रो प्रमुख समस्या देखिएको छ । नेपालमा वार्षिक कति युवा श्रम-बजारमा आउँछन् होला भन्ने अनुमान एसईई परीक्षा दिने विद्यार्थीको संख्याबाट पनि गर्न सकिन्छ । २०८० मा एसईई दिने विद्यार्थी चार लाख ५० हजार थिए भने ५० प्रतिशतभन्दा बढी अनुत्तीर्ण भए । उत्तीर्ण भएका दुई लाख २५ हजार युवामध्ये ५० प्रतिशतले उच्च शिक्षाका लागि अवसर पाए भने बाँकी एक लाख २५ हजार र दुई लाख ५० हजार गरी तीन लाख ७५ हजार युवा एसईईपश्चात् श्रम बजारमै प्रवेश गर्ने हुन् । एसईईसम्मको अध्ययन गर्ने चरणमै नपुगी श्रम बजारमा प्रवेश गर्ने युवा पनि तीन लाख ७५ हजारकै हाराहारीमा हुने भएकाले वार्षिक सात लाख ५० हजार युवा श्रम बजारमा प्रवेश गर्ने अवस्था देखिन्छ । वार्षिक सात लाख ५० हजार युवालाई आर्थिक उपार्जनमा संलग्न गराई देशको अर्थतन्त्र सबल बनाउन देशले कस्तो नीति अपनाउनुपर्छ भन्ने नै आजको जल्दोबल्दो विषय हो । उत्पादनका साधनमध्ये श्रम नै यस्तो साधन हो, जुन आज प्रयोग गर्‍यो भने गरियो, गर्न नसके खेर जान्छ, सञ्चय गर्न सकिन्न । साथै नकारात्मक परिणाम समेत देखिन थाल्छ । वैदेशिक रोजगारीमा अदक्ष श्रमिक पठाएर कुनै पनि देशको आर्थिक उन्नति हुन सक्दैन । २०५० को दशकबाट तीव्र गतिमा वैदेशिक रोजगारीमा प्रवेश गर्न सुरु गरेर आजको मितिमा दैनिक २००० युवा वैदेशिक रोजगारका लागि बहिर्गमन भएको तथ्यांक देखिन्छ भने सरदर ४५ वर्षको उमेरपश्चात् ऊ स्वदेश फर्किएर नेपालको श्रम बजारमा पुन: प्रवेश गरिसकेको हुन्छ ।

**निजी तथा सरकारी क्षेत्रको सहकार्य**

देशमा रोजगारका अवसर सिर्जना गर्ने माध्यम सरकारी र निजी क्षेत्र हुन् । सरकारी क्षेत्रमा रोजगारका अवसर सीमित छन् । निजी क्षेत्रले पनि बजार मागको तुलनामा गुणात्मक रूपमा रोजगारका अवसर सिर्जना गर्ने अवस्था देखिँदैन । सम्पूर्ण रोजगार क्षेत्रको ८५ प्रतिशत हिस्सा निजी क्षेत्रले र १५ प्रतिशत सरकारी क्षेत्रले ओगटेको हुनाले स्वरोजगारको क्षेत्र विस्तारका लागि पनि निजी तथा सरकारी क्षेत्रको सहकार्य अपरिहार्य देखिन्छ । विश्व व्यापार संगठनको सदस्य भइसकेको अवस्थामा नेपालले आफ्नो उत्पादन विश्व बजारमा खुला रूपमा बिक्री गर्न त सक्छ भनिन्छ, तर नेपाली उत्पादन विश्व बजारमा प्रतिस्पर्धात्मक बन्न कठिनाइ हुने गर्छ । त्यसैले नेपालले ठुलाठुला उद्योगमा लगानी गर्ने र विश्व बजारमा आफ्नो पकड बनाउने योजना बनाउनुभन्दा स्वदेशी बजारलाई लक्षित गरी दैनिक उपभोग्य वस्तुमा आत्मनिर्भर बन्दै आयात प्रतिस्थापन गर्ने पहिलो रणनीति लिनुपर्छ । सँगसँगै निर्यात प्रवर्द्धन गर्न, उत्पादन लागत मूल्य कम गर्न र उत्पादनको गुणस्तर सुधारमा ध्यान दिन जरुरी छ । गुन्द्रुक, हरियो धनियाँ, भटमास, दैनिक उपभोग्य तरकारीजस्ता वस्तु जुन स्वदेशमा सजिलै उत्पादन गर्न सकिन्छ, त्यस्ता वस्तु उत्पादन गरी बिक्री गर्ने विषय स्वरोजगार नीतिसँग जोडेर हेरिनुपर्छ ।

**अवस्थाको विश्लेषणसहित नीति**

के कारणले देशमा रोजगार र स्वरोजगारका अवसर साँघुरिँदै गएका छन् ? नीतिगत समया हो कि व्यवस्थापकीय समस्या हो ? यी प्रश्नलाई समेटेर स्वरोजगार नीति ल्याउन आवश्यक छ । वैदेशिक रोजगारीले पहाडी भेगबाट तराईमा बसाइँसराइ हुने, तराई र उपत्यकामा मानव व्यवस्थापनमा समस्या हुने तर नेपाली अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको ग्रामीण उत्पादन तथा उपभोग प्रणाली ध्वस्त हुँदै परनिर्भर अर्थतन्त्र निर्माण भइरहेको छ । पहाडी क्षेत्र तथा हिमाली क्षेत्रका विकास पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा खानेपानीका क्षेत्रमा राज्यले पछिल्ला २० वर्षमा गरेको लगानी खेर गइरहेको छ । यसको ठिकविपरीत देशका ठुल्ठुला सहरका विकास निर्माणका कार्य तथा जनसंख्या व्यवस्थापनमा समस्या सिर्जना भइरहेको छ । अर्थात् नेपाली युवा स्वदेशी श्रम बजारमा कार्यरत नभएकै कारण विदेशी कामदारको चाप क्रमश: नेपालमा बढिरहेको छ । उचित नीतिको अभावमा आजका दिनमा आठ लाखभन्दा बढी अदक्ष, अर्धदक्ष तथा दक्ष कामदारका रूपमा विदेशी श्रमिक नेपालमा कार्यरत रहेको अवस्था देखिन्छ । देशको अर्थतन्त्रलाई चलायमान गराउँदै देशको बेरोजगारी समस्याको सम्बोधन गर्न स्थानीय आवश्यकताका आधारमा स्थानीय श्रम तथा कच्चा पदार्थको अधिकतम प्रयोग गर्ने गरी साना-साना कुटिर उद्योग, साना तथा घरेलु उद्योग स्थापना गर्न आवश्यक छ । स-साना उद्योग स्थापना गर्दै कच्चा पदार्थबाट क्रमश: सेमी-फिनिस्ड गुड्स तहमा पुग्नका लागि आफैं मालिक तथा आफैं कामदारका रूपमा लाखौं युवालाई आबद्ध गराउन सकिन्छ । यसबाट वार्षिक रूपमा श्रम बजारमा प्रवेश गर्ने युवाहरू, वैदेशिक रोजगारबाट फर्केका युवाहरू लाभान्वित भई स्वरोजगारका अवसर सिर्जना हुनेछन् । सरकारी तथा निजी क्षेत्रमा रोजगारका अवसर सीमित भएको र वैदेशिक रोजगारीमा अवगुण पर्याप्त भएकाले नेपालको अर्थतन्त्रमा आधारभूत रूपमा परिवर्तन ल्याउन सक्ने क्षेत्र भनेको स्वरोजगार नै हो, यसका लागि राज्यसँग व्यवस्थित स्वरोजगार नीति हुनु आवश्यक छ । एउटा व्यक्ति स्वरोजगार हुनका लागि के के आवश्यक पर्छ ? स्वरोजगार र शिक्षाको सम्बन्ध कस्तो हुनुपर्छ ? वैदेशिक रोजगारको क्षेत्र र स्वदेशमा उपलब्ध हुने रोजगार क्षेत्रको सम्बन्ध कस्तो बनाउने ? उद्यमी र व्यवसायीको फरक के हो ? देशमा स्वरोजगारका अवसर सिर्जना गर्न उत्पादन नीति, वितरण प्रणाली तथा उपभोग नीति कस्तो बनाउने ? विदेशी श्रमिकसम्बन्धी धारणा के हो ? आयात नीति, निर्यात नीति, श्रम नीति तथा अन्य विद्यमान नीतिका कारण कति नेपाली बेरोजगार भइरहेका छन् वा स्वरोजगारका अवसर गुमाइरहेका छन् र यसको अनुसन्धान तथा विश्लेषण कसले गर्ने ? विज्ञान र प्रविधिको विकासलाई स्वरोजगारको क्षेत्रले कसरी सदुपयोग गर्ने ? आदि प्रश्नलाई समेट्ने गरी स्वरोजगार नीति आउनुपर्छ । राज्यले उपलब्ध गराउने तालिम पनि ज्ञान अभिवृद्धिका लागि गराउने हो वा सीप अभिवृद्धि गराउनका लागि गराउने हो भन्ने यकिन गरेर सीप अभिवृद्धि भएको युवालाई स्वरोजगारका क्षेत्रमा प्रवेश गराउने नीति राज्यले लिनुपर्छ । वैदेशिक रोजगारीमा जानुअघि आवश्यक सीप अनिवार्य सिकाउने विषय स्वरोजगार नीतिमा समेटिनुपर्छ । उत्पादनमा जोडिएको, व्यापारमा जोडिएको र सेवा प्रवाहमा जोडिएको गरी युवालाई वर्गीकरण गर्न सकिन्छ । उत्पादनमा जोडिएको युवालाई प्राथमिकतामा राख्न र राज्यले उपलब्ध गराउने सहुलियतलाई स्वरोजगारमा जोड्न स्वरोजगार नीतिको आवश्यक छ । नेपाली उद्यमीले स्वरोजगारको अवसर सिर्जना गर्दा राज्यले के कस्तो सेवा-सुविधा उपलब्ध गराउने र स्वरोजगारका अवसर सिर्जना गर्दा कुन क्षेत्रलाई जोड दिने भन्नेजस्ता विषय पनि स्वरोजगार नीतिमा किटान गरिनुपर्छ । राज्यले जनतालाई हरेक क्षेत्रमा अनुदान उपलब्ध गराई कल्याणकारी राज्यको पहिचान बनाउन खोजिरहेको भए पनि राज्यको आर्थिक क्षमताले धान्न धौ-धौ परिरहेको छ । अनुदानको अवधारणालाई परिवर्तन गर्दै नागरिकलाई उद्यमी बनाउन सुलभ कर्जा र सीप विकासमा राज्यले सहयोग गर्नुपर्छ । हाम्रा ग्रामीण क्षेत्रमा अर्ध-रोजगार तथा मौसमी स्वरोजगार हुने प्रकृतिका कृषि कार्य हुने गर्छन् । यी अवस्था र क्षेत्रलाई पनि सम्बोधन गर्ने गरी राज्यले नीति ल्याउन आवश्यक छ । विद्यालय शिक्षादेखि नै स्वरोजगार र रोजगारका विषयमा विद्यार्थीलाई अवधारणागत स्पष्ट पार्न आवश्यक छ । राज्यका विभिन्न क्षेत्र (जस्तै :खेलकुद, अपांगता क्षेत्र, सेना तथा प्रहरीको परिवार, कर्मचारीको परिवार, वैदेशिक रोजगारमा जाने युवाको परिवार, भूमिहीन किसान आदि) का युवालाई मध्यनजर गर्दै युवालाई स्वरोजगार बनाउन राज्यका कुन-कुन निकायले भूमिका खेल्नुपर्ने हो, सोही अनुरुप राज्यले नीति लिन आवश्यक छ । स्वरोजगारको क्षेत्र नितान्त एकांकी क्षेत्र होइन, यो क्षेत्र अन्य धेरै क्षेत्रसँग अन्तर्सम्बन्धित हुन्छ । त्यसैले आयात-निर्यात नीति, युवा नीति, वैदेशिक रोजगार नीति, शिक्षा नीतिका चुनौतीलाई समेत सम्बोधन गर्दै स्वरोजगारका अवसर सिर्जना गर्नका लागि स्वरोजगार नीति आवश्यक देखिन्छ संविधानमै समाजवाद उन्मुख अर्थ-व्यवस्थाको परिकल्पना गरिए पनि व्यवहारमा युवाहरू आर्थिक उपार्जनमा जोडिन नसक्दा नैराश्यता बढिरहेको छ । हाम्रो उत्पादन प्रणाली (मोड अफ् प्रोडक्सन) पुरानै रहेको, उत्पादनका साधनको वितरण प्रणालीमा कुनै सुधार नभएको तर बारम्बार शासन सत्ताका पात्र मात्र परिवर्तन भएको अवस्था छ । त्यसैले सरकारी तथा निजी क्षेत्रको रोजगारीमा आबद्ध हुनबाट वञ्चित लाखौं ऊर्जाशील युवालाई समेट्ने गरी स्वरोजगार नीति निर्माण गर्न सबै सम्बन्धित निकायको ध्यान आकृष्ट होस् ।*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कुनै कुराले मन प्रसन्न रहने छ । नयाँ र शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : बन्धु बान्धवबाट सहयोग मिल्ने छ । प्रेममा सफलता प्राप्त हुनेछ । |
| **वृष** : मन सम्हाल्न आवश्यक हुनेछ । सौन्दर्यतामा धन खर्च हुनेछ । | **वृश्चिक** : दुष्ट व्यक्तिको सङ्गतले आत्मघाती काम गर्न पुगिएला । |
| **मिथुन** : घर परिवार तथा आफन्तबीचको सम्बन्धमा सुधार भएर जानेछ । | **धनु** : माया प्रेममा सामीप्यता बढेर जाने छ । शुभ समाचार सुन्न पाइएला । |
| **कर्कट** : इनाम कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । | **मकर** : अधुरो काम बन्नेछ । धार्मिक र सांस्कृतिक कार्यमा सरिक भइनेछ । |
| **सिंह** : आज मनमा उत्साह छाउने छ । कला प्रभाव बढ्नेछ । | **कुम्भ** : शुभ समाचार सुन्न पाइएला, तर शेयर बजारमा घाटा होला । |
| **कन्या** : मन खिन्न हुने स्थिति आउने छ । कार्य सम्पादनमा सहजता नमिल्ला । | **मीन** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजग रहनु होला । |

## शिक्षा

# दसैँमा ३९ पालिकाका शिक्षकले पाएनन् तलब

देशभरका ३९ वटा स्थानीय तहले शिक्षकहरूलाई तलब तथा चाडपर्व भत्ता नदिएको पाइएको छ । मासिक रूपमा तलब भत्ता उपलब्ध गराउने सरकारको नाराको खिल्ली उडाउँदै ती पालिकाहरूले शिक्षकहरूलाई साउनदेखिको तलब भत्ता उपलब्ध नगराएका हुन् । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अनुसार १२ जिल्लाका ३९ वटा पालिकाले संघीय सरकारले पठाएको पैसा समेत तलब नदिई रोकेका हुन् । सबैभन्दा बढी मधेस प्रदेशका स्थानीय तहहरूले तलब भत्ता नपाएको देखिन्छ । सैर्य सरकारबाट उपलब्ध सशर्त अनुदान अनुसार स्थानीय तहहरूले समयमा नै तलब भत्ता वितरण गर्नुपर्ने हुन्छ । तर, हालसम्म ती पालिकाहरूले शिक्षकहरूको चाडपर्व खर्च तथा नियमित तलब भत्ता निकासा नगरेको सङ्गठनका महासचिव हंसबहादुर शाहीले बताए । जसले गर्दा शिक्षक कर्मचारीहरू समयमा नै तलब भत्ता प्राप्त गर्ने अधिकारबाट वञ्चित भएको उनको भनाइ छ । सङ्गठनले विज्ञप्ति जारी गरेर तत्काल तलब निकासा गर्न समेत माग गरेको छ । नेपालको वर्तमान संविधान २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकको व्यवस्था गरेको छ । सोही बमोजिम प्रत्येक शिक्षक श्रमिकलाई उचित पारिश्रमिक सुविधाको हक हुनेछ भन्ने व्यवस्था छ । शिक्षा नियमावली २०५९ को नियम १०० र नियम १०१ मा समेत शिक्षकले आफ्नो पदमा बहाल गरेको मितिदेखि प्रत्येक महिना भुक्तान गरेपछि तलब र भत्ता पाउनेछ भन्ने प्रावधान छ । संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम तत्कालै शिक्षक तथा कर्मचारीहरूको तलब भत्ता निकासा गर्न सङ्गठनले माग गरेको हो । महासचिव शाहीका अनुसार अधिकांश पालिकाले नगर तथा गाउँ परिषद् नबसेको भन्दै तलब दिइएको छैन । शिक्षकलाई मासिक तलब 'आकाशको फल'जस्तै



शिक्षकलाई मासिक तलब 'आकाशको फल'जस्तै उनका अनुसार सल्यानको बनोगाड कुपिण्डे नगरपालिकाले ७ जना शिक्षकको मात्रै तलब भत्ता दिएको छैन । पालिकाले जबरजस्ती उनीहरूको सरुवा गरेको तर, शिक्षकहरू सरुवा हुन नमानेपछि ७ जनाको तलब निकासा नगरेको उनले बताए । कतिपयमा आपसीको द्वन्द्वका कारण समेत शिक्षकहरूले तलब पाएका छैनन् । यसअघि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले असोज १६ गते परिपत्र गर्दै शिक्षकहरूलाई मासिक रूपमा तलब दिने व्यवस्था मिलाउन भनेको थियो । चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन कार्यविधिमा समेत शिक्षकहरूलाई मासिक रूपमा तलब भत्ता भुक्तानीको व्यवस्था मिलाउने भन्ने थियो । सोही आधारमा मासिक रूपमा तलब भत्ता भुक्तानीको व्यवस्था मिलाउन सबै स्थानीय तहलाई भनेको थियो । तर, विभिन्न कारण देखाउँदै पालिकाहरू शिक्षकलाई मासिक रूपमा तलब भत्ता दिनबाट पछि हट्ने गरेको देखिन्छ । शिक्षामन्त्री विद्या भट्टराईले शिक्षकलाई मासिक रूपमा तलब भुक्तानीको व्यवस्था मिलाउन अनुरोध गर्दै आएकी छन् । प्राय कार्यक्रममा बोल्ने क्रममा उनले स्थानीय तहलाई मासिक रूपमा शिक्षकलाई तलब उपलब्ध गराउने व्यवस्था गर्न आग्रह गर्दै आएकी हुन् । तर, ७५३ वटा पालिकामध्ये ७१४ पालिकाले चालु आर्थिक वर्षको साउनदेखि असोजसम्मको तलब र चाडपर्व भत्ता उपलब्ध गराएका हुन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले भने मासिक रूपमा तलब भत्ता उपलब्ध गराउने विषयमा केन्द्रको तर्फबाट कुनै समस्या नरहेको जनाएको छ । केन्द्रका महानिर्देशक दीपक शर्माले केही समय अगाडि रातोपाटीसँगको कुराकानीमा व्यवस्थापनको समस्या देखिएको बताएका थिए । 'मासिक रूपमा तलब दिन बजेटको हिसाबले समस्या छैन । स्कुलबाट माग फारम समयमै आउनुपर्ने, पालिकाबाट समयमै निकासा हुनुपर्ने, बाँड्नुपर्ने हुन्छ,' शर्माले भनेका थिए, 'कतिपय पालिकाले गरिरहेका छन् । यसमा कुनै समस्या छैन । तर, नभएको ठाउँमा समस्या भएको हो ।' उनको भनाइ अनुसार स्थानीय तहमा पहिला जस्तो बजेट नजाने, फुकुवा नहुनेजस्ता समस्या छैन । 'हाजिरी प्रमाणित गरेर स्कुलले समयमै पठाउनुपर्‍यो । कतिपय स्थानीय तहले अधिवेशन गरेका छैनन् । कतिपयमा विविध समस्या छन्,' शर्माको भनाइ छ, 'केन्द्रको कारण रोकिएको हो भने त ७५३ वटै पालिकामा रोकिनुपर्ने हो । कतिपयले पालिकाले मासिक रूपमा दिइरहेका छन् ।' कतिपय पालिकाले शिक्षकको खातामै मासिक तलब पठाउँदै आएका छन् । कतिपयले विद्यालयको खातामा पठाउने र सोही आधारमा विद्यालयले शिक्षकहरूलाई मासिक रूपमै तलब खुवाउँदै आएका छन् । सिद्धान्ततः मासिक रूपमा तलब दिन नमिल्ने विषय नभएको तर, व्यवस्थापनमा अलि अलमल भएको शर्माको भनाइ थियो ।

*-रातोपाटी डटकम*

# शिक्षाको हब बन्दै पोखरा

नेपालको पर्यटन राजधानी पोखरा शिक्षाको हब बन्दै गएको छ । कास्कीले शिक्षा विकासको लामो इतिहास बोकेको छ । पछिल्लो समय पोखरा शैक्षिक गन्तव्यका रुपमा पनि चिनिन थालेको छ । पोखरा र यस आसपासमा मात्र नभई देशका विभिन्न जिल्लाबाट पोखरा अध्ययनका लागि विद्यार्थी आउने गरेका छन् । विद्यालयदेखि विश्वविद्यालय तहसम्मका विभिन्न तह र विषयमा अध्ययन अध्यापन हुने यहाँ पोखरा विश्वविद्यालयसँगै सैीय शासन व्यवस्थाको कार्यान्वयन पश्चात गण्डकी प्रदेश सरकारको सक्रियतामा गण्डकी विश्वविद्यालय सञ्चालनमा आएको छ । पछिल्लो समयमा विश्वविद्यालयमा सञ्चालनमा आएका नयाँ नयाँ विषयमा विद्यार्थीको आकर्षण बढिरहेको पोखरा विश्वविद्यालयका डीन डा अजय थापा बताउँछन् । 'नयाँ कार्यक्रममा विद्यार्थीको आकर्षण बढ्दो छ', उनले भने, 'विश्वविद्यालयले स्नातक तथा स्नातकोत्तर तहमा छात्रवृत्तिका लागि आवेदन माग गरेकामा गत वर्षकाभन्दा बढी सङ्ख्यामा विद्यार्थीले आवेदन भरेका छन् ।' स्नातक तहमा गत वर्षभन्दा झण्डै तीन सय ५० जना बढी विद्यार्थीले आवेदन दिएको उनले जानकारी दिए । पोखरामा विद्यालयदेखि क्याम्पस तहसम्म अध्ययनका लागि राम्रा शैक्षिक संस्थार हेका कारण अध्ययनकै लागि यहाँबाट बाहिर जानुपर्ने अवस्था नरहेको शिक्षासेवी एवं कालिका बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख रवीन्द्रनाथ बाँस्तोलाले बताए । पछिल्लो समयमा कक्षा १२ पढेपछि विदेश जाने क्रमले समग्रतामा स्नातक तहमा विद्यार्थीको सङख्या कम हुँदैगएको देखिए पनि पोखराबाट अध्ययनकै लागि बाहिर जानुपर्ने अवस्था नरहेको उनको भनाइ छ । अहिले अध्ययनका लागि मात्रभन्दा पनि आर्थिक उपार्जनसँग समेत जोडिएर विद्यार्थी पढ्नका लागि विदेशिएको देखिन्छ, उनले भने,'पोखरामा विश्वविद्यालय अनुदान आयोगबाट क्युएए प्राप्त क्याम्पसका साथै गुणस्तरीयतालाई दृष्टिगत गरी अध्ययनअध्यापन गराउँदै आएको पाइन्छ ।' कास्कीमा १९५८ सालमा देव शमशेरको पालामा खोलिएको भाषा पाठशाला यहाँको पहिलो औपचारिक पाठशाला हो । तत्कालीन समयमा विन्ध्यवासिनी मन्दिर क्षेत्रमा सञ्चालित उक्त पाठशालापछि भीमकाली पाटनमा सारिएको थियो । जुन अहिले संस्कृत माध्यमिक विद्यालयका रुपमा रहेको छ । यस अवधिमा संस्कृत शिक्षा नै पठनपाठनको मुख्य आधार बनेको थियो । भाषा पाठशालापछि पोखरामा आधुनिक शिक्षालाई लक्षित गरी २००६ सालमा पब्लिक मिडिल स्कुल स्थापना गरियो । सुरुमा नदीपुरस्थित नारायणस्थानको पौवामा स्थापित सो विद्यालय २००९ सालमा नेशनल हाइस्कुलका नाममा टुँडिखेलमा सारिएको थियो । सो विद्यालय स्थापना एवं सञ्चालनपछि २०१३ सालमा रामघाटमा छुट्टै सोल्जर्स बोर्ड हाइस्कुल स्थापना भएको थियोरु। यसरी सुरु भएको पोखराको शिक्षाको विकाससँगै पछिल्ला वर्षमा के साधारण के प्राविधिक हरेक किसिमको शिक्षा पाउन थालिएसँगै यो शिक्षाको केन्द्र बन्दै गएको छ । पृथ्वीनारायण क्याम्पसदेखि पछिल्ला समयमा यहाँ खोलिएका क्याम्पसले यहाँको शैक्षिक विकासमा ठूलो योगदान पुर्‍याएका छन् । लेखनाथको ढुङ्गेपाटनमा स्थापित पोखरा विश्वविद्यालय होस् वा लेखनाथकै मालमूल फाँटमा गण्डकी प्रदेश सरकारको सक्रियतामा खोलिएको गण्डकी विश्वविद्यालयले नयाँ नयाँ कार्यक्रमका साथ अघि बढेको छ । गण्डकी विश्वविद्यालयले स्थापनाको छोटो समयमा नै विभिन्न नयाँ कार्यक्रमका साथै विश्वका विभिन्न प्राज्ञिक संस्थासँगसम्बन्ध विस्तार गर्दै अघि बढिरहेको रजिष्टार डा कैलाश तिमिल्सिनाले बताए । पोखरामा दुई विश्वविद्यालयका साथै त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आंगिक, निजी तथा सामुदायिक क्याम्पस सञ्चालनमा छन् । पोखरामा हाल १३ सामुदायिक क्याम्पस सञ्चालनमा छन् ।

*-रासस*

# बहिरा विद्यार्थीको भविष्य कोर्दै बहिरा शिक्षिका



आफू सुस्त श्रवण (बहिरा) भएकाले त्यसको पीडा भोग्दै आएकी सुधा गौतमले समाजमा उदाहरणीय कार्यको प्रशंसा हुन थालेको छ । उनले आफूजस्तै अरु सुस्त श्रवण भएका बालबालिकालाई शिक्षाको ज्योति दिएर सुन्दर भविष्य कोर्दै आएकी छन् । महोत्तरीको बर्दिबास नगरपालिका-३ की २९ वर्षीया गौतम गौशाला नगरपालिकामा अवस्थित त्रिभुवन माध्यमिक विद्यालयमा १० वर्षदेखि शिक्षिकाको रुपमा कार्यरत छिन् । पहिले इशारा (साङ्केतिक भाषा) बाट बहिरा बालबालिकालाई पठनपाठन सुरु गरेकी शिक्षिका गौतम सुस्त श्रवण कक्षाका विद्यार्थीलाई निरन्तर इशारा र सङ्केतको भरमा शिक्षादीक्षा दिँदै ज्ञानको ज्योति छर्नमा व्यस्त छिन् । भूईंमै कार्पेट ओछ्याएर कक्षाभरि पलेटी मारेर पढ्न सक्ने गरी बनाइएको बेन्चमाथि कापी, किताब, कलम, पेन्सिललगायतका शैक्षिक सामग्री राखी सबै विद्यार्थी शिक्षिका गौतमले आफ्नो हात, आँखा र अनुहारले देखाएकी विभिन्न सङ्केत र इशाराको भरमा पढ्ने गर्दछन् । बाल कक्षादेखि माध्यमिक स्तरसम्मको पठनपाठनका साथै १० जोड २ र प्राविधिक क्षेत्रमा इन्जिनीयरिङसम्मको पठनपाठन हुने यस विद्यालयमा सुस्त श्रवण भएका विद्यार्थीका लागि पनि विशेष कक्षा सञ्चालन भइरहेको छ । करिब दुई हजार बढी विद्यार्थी अध्ययनरत यस विद्यालयमा एकै सिटमा सबै कक्षा तथा विद्यार्थीको पठनपाठन सम्भव नहुँदा दुई सिफ्टमा चलाउनु परेको प्रधानाध्यापक विनोद महतो बताउन्छन् । कक्षा ११ र १२ को बिहानको अध्यापन सकेपछि १० बजेदेखि सुरु हुने माध्यमिक स्तरसम्मको पठनपाठन हुने गर्दछ । विद्यालयको एउटा कक्षा कोठामा १६ जना बालबालिकालाई एक्ली बहिरा शिक्षिकाले पढाइरहेको हेर्न सकिन्छ । उनले विशेष शिक्षाअन्तर्गत साङ्केतिक भाषामा कक्षा १ देखि ४ सम्म सर्लाहीबाट र कक्षा ५ देखि १० सम्म रौतहटको चन्द्रनिगाहपुरबाट अध्ययन गरेकी थिईन् । कक्षा ११/१२ को पढाइ पोखराबाट पूरा गरेकी उनले साङ्केतिक भाषामै सिरहाबाट नेपाली भाषामा बटिएड.सम्मको अध्ययन गरेका हुन् । त्यसपछि उनले त्रिभुवन विद्यालयमा बहिरा विद्यार्थीका लागि सञ्चालित विशेष कक्षामा पढाउने जागिर करारमा पाएको हुन् । कानले राम्ररी सुन्न नसक्ने र मुखले पनि राम्ररी बोल्न नसक्ने भएकाले उनि र उनका विद्यार्थीलाई बाहिर कहाँ, के भइरहेको छ भन्ने कुरामा खासै चासो रहेको पाइँदैन । सायद त्यसैले होला सबै विद्यार्थीहरु पठनपाठनमा निक्कै अब्बल र मेधावी देखिएको प्रधानाध्यापक महतो बताउन्छन् । बालबालिकाहरुले कसरी शिक्षिका गौतमको सबै कुरा बुझ्छन् र कसरी उहाँसँग इशारा र सङ्केतमै कुराकानी गर्छन् भन्नेमा धेरैलाई अनौठो र आश्चर्य लाग्न सक्छ । बालबालिकाहरुले कुराकानी मात्रै नभएर उनको सङ्केत र इशाराकैभरमा आफ्नो अध्ययन अध्यापनलाई पनि अगाडि बढाएका छन् । इशारा र सङ्केतकै भरमा उनीहरु शिक्षिका गौतमले भनेको कुरा लेखेर, गृहकार्य गरेर र कक्षामा प्रस्तुत गरेर पनि देखाउँछन् । ती सबै विद्यार्थी कक्षा १ देखि ५ सम्म अध्ययनरत छन् । प्रत्येक वर्ष अन्य छात्रछात्राहरु सरह बहिरा बालबालिकाले पनि परीक्षा दिने र उत्तीर्ण भएर नयाँ कक्षामा जाने गरेको शिक्षिका गौतम बताउन्छन् । कक्षाकोठाको चारैतिरको भित्तामा विभिन्न सन्देशमूलक र बालबालिकालाई अध्ययनको लागि उपयोगी हुने चित्र र सङ्केतहरु कोरिएको छ । विद्यार्थीहरुले ती चित्र र सङ्केतहरु र आ-आफ्नो कापी किताबको माध्यमले अध्ययन गर्ने गर्दछन् । आफूजस्तै फरक क्षमता भएका विद्यार्थीलाई पढाउन पाउँदा आफू निक्कै खुसी भएको बताउँदै शिक्षिका गौतमले शिक्षाको ज्योतिले आफू जस्तै बालबालिकालाई आफूजस्तै संसार हेर्ने र बुझ्ने बनाउन पाउँदा निकै खुसी लागेको त्यहाँ पुगेका सञ्चारकर्मीलाई लेखेर देखाईन् । उनले बहिरा बालबालिकालाई पठनपाठन गराउँदा देखिएका चुनौतीको बारेमा सोध्दा उनि भन्छन्, 'सुस्त श्रवण (फरक क्षमता) भएका छात्रछात्राहरु सामान्य मानिसभन्दा अलिक फरक हुन्छन् ।'! त्यस्ता क्षमता भएका बालबालिकाहरु सामान्य विद्यार्थीभन्दा बढी जिद्दी, झगडालु, चाँडै रिसाउने र भाग्न खोज्ने प्रवृतिको हुने गरेकोले उनीहरुलाई सम्हाल्न निक्कै समस्या र कठिनाइ हुने गरेको उनले बताए । अन्य कक्षा जस्तो वैकल्पिक शिक्षिक, शिक्षिका नहुँदा एक्लैले दिनभर पढाउनुपर्दा आफू र विद्यार्थीहरु पनि थकित हुने गरेको उनको गुनासो छ । शिक्षिका गौतमले अरु शिक्षक, शिक्षिका सरह सामान्य परिस्थितिमा बिदा पनि पाउन्नि । बिरामी वा अन्य कारणले उनि विद्यालय आउन नसकेको दिन ती विद्यार्थीले राम्ररी पढ्न पाउँदैनन् । आफू विद्यालय आउन नसक्ने दिन आफैँले विकल्पको रुपमा अरु शिक्षक ल्याउनुपर्ने र विद्यार्थीलाई पनि सम्झाइबुझाइ जानुपर्ने बाध्यता रहेको उनले बताए । शिक्षिका गौतमले विद्यार्थीहरु त आफूजस्तै भएकाले उनीहरुसँग बस्न, पठनपाठन गर्न कुनै समस्या नभएको तर विद्यालयमा बाहिरबाट आएका आगन्तुक, अतिथि र अन्य व्यक्तिहरुसँगको संवादको लागि विद्यालयमा बहिरा विद्यार्थी र आफ्नै लागि पनि दोभासेको व्यवस्थापन गरिनुपर्ने माग गरे । शिक्षिका गौतम फरक क्षमताका बालबालिकाहरु देशभर नै रहेकाले उनीहरुलाई पढ्ने वातावरण निर्माण गर्न तीनै तहका सरकारहरुले गम्भीरता देखाउनुपर्ने बताउन्छन् । प्रत्येक गाउँबस्तीमा रहेका सुस्त श्रवण भएक बालबालिका शिक्षाबाट वञ्चित हुन नपरोस् र सामान्य नागरिक जस्तो बोल्न र सुन्न नसके पनि शिक्षाको माध्यमले ज्ञानको ज्योतिको साहारामा यस संसारमा सम्मानित जीवनयापन गर्न सकुन् भने उनको धारणा रहेको छ । गरेका हुन् उनि फरक क्षमता भएकाहरुका लागि जिल्ला, प्रदेश र सैमा रहेका विभिन्न सङ् सस्थाहरुमा समेत आवद्ध छिन् । हाल उनि महोत्तरी जिल्ला बहिरा सैको अध्यक्ष छिन् भने राष्ट्रिय बहिरा महासै मधेश प्रदेशको सचिव छिन् । त्यसैगरी राष्ट्रिय बहिरा महासैको केन्द्रीय सदस्य र राष्ट्रिय अपाङ्ग महासैको मधेश प्रदेश सदस्यको रुपमा समेत शिक्षिका गौतम कार्यरत रहेकी छन् । फरक क्षमताका सवालहरुमा देश विदेशमा आयोजना हुने सभासमारोहमा पनि उनको प्रतिनिधित्व रहने गर्दछ । प्रधानाध्यापक महतोका अनुसार त्यस विद्यालयमा २० वर्षदेखि विशेष कक्षा ( सुस्त श्रवण कक्षा) सञ्चालन हुँदै आएको छ । उनले अहिलेसम्म यस विद्यालयबाट थुप्रै विद्यार्थीले प्राथमिक शिक्षा पाएर यहाँबाट गइसकेको बताए । यहाँबाट उत्तीर्ण भएका विद्यार्थी सिरहा र सर्लाहीसहितका जिल्लामा जाने गर्दछन् । शिक्षिका गौतम जस्तै थप शिक्षक, सुस्त श्रवण भएका विद्यार्थी र शिक्षकलाई बाहिरी व्यक्तिसँगको संवादका लागि दोभासे र उनीहरुको समूचित व्यवस्थापनका लागि आफूले पटक-पटक सम्बन्धित निकायमा लिखित र मौखिक रुपमा माग गर्दै पत्राचार गर्दै आएको प्रधानाध्यापक महतोले बताए । विशेष कक्षा सञ्चालनका लागि यस विद्यालयमा शिक्षा मन्त्रालयबाट प्रत्येक वर्ष प्रतिविद्यार्थी रु चार हजारका दरले प्राप्त हुने गरेको र त्यसै रकमबाट विद्यालयले उनीहरुको आवास, खानपिन, लत्ताकपडादेखि शैक्षिक सामग्रीको व्यवस्थापन हुँदै आएको छ ।

*-रासस*

# आज गुल्मी दरबारका शिक्षण संस्थामा शोक बिदा




**गुल्मी,** कार्तिक ४/ गुल्मी दरबार गाउँपालिका भित्रका शिक्षण संस्थामा आज शोक बिदा दिइएको छ । गुल्मीदरबार गाउँपालिकाले एक शिक्षकको मृत्यु भएपछि शिक्षण संस्थाहरुमा शोक बिदा दिएको हो ।

वडा नम्बर ५ मा रहेको शारदा माध्यमिक विद्यालयमा अध्यापन गराउने स्थायी शिक्षिका ३१ वर्षीया गीता खत्रीको मृत्यु भएपछि पालिकाले एक दिन शोक बिदा दिइएको जनाएको छ । पालिकाले आइतबार एक सूचना जारी गर्दै पालिकाभित्रका सम्पूर्ण शिक्षण संस्थाहरुले शोक प्रस्ताव पारित गरी एक मिनेट मौन धारण गर्ने त्यसपछि श्रद्धाञ्जली प्रकट गर्दै सोमबार विद्यालयका पठन-पाठन बन्द गर्न अनुरोध गरेको छ । शिक्षकको निधनले गाउँपालिका परिवार अत्यन्त शोक स्तब्ध भएको भन्दै एक दिन शिक्षण संस्थामा शोक बिदा दिइएको प्रमुख प्रशासकीय अधिकृत भेषराज घिमिरेद्वारा जारी सूचनामा उल्लेख छ । 'शारदा माध्यमिक विद्यालयको प्राथमिक तहमा कार्यरत स्थायी शिक्षक गीता खत्रीको मिति २०८१/०६ /२४ गतेका दिन भएको अकल्पनीय निधनप्रति गुल्मीदरबार गाउँपालिका परिवार शोक स्तब्ध भएका छौं । शोकको यस घडीमा दिवगंत आत्माप्रति चिर शान्तिको कामना सहित शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै मिति २०८१/०७/०५ गते बाह्रौं पूण्य तिथिका दिन यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण शिक्षण संस्थाहरुले शोक प्रस्ताव पारित गर्ने, १ मिनेट मौनधारण गरी श्रद्धाञ्जली प्रकट गर्ने र पठन-पाठन बन्द गर्नु गराउनुहुन अनुरोध छ'सूचनामा भनिएको छ ।

# कक्षा १२ को ग्रेडवृद्धि परीक्षाको नतिजा सार्वजनिक

**पाल्पा,** कार्तिक ४/कक्षा १२ को ग्रेडवृद्धि परीक्षाको नतिजा सार्वजनिक भएको छ । राष्ट्रिय परीक्षा बोर्डले गत भदौ २५ र २६ गते सञ्चालन गरेको ग्रेडवृद्धि अर्थात् पूरक परीक्षाको नतिजा आइतबार सावजनिक गरेको हो ।

सार्वजनिक नतिजाअनुसार ७० दशमलव ६० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । परीक्षामा एक लाख २२ हजार एक सय ७१ विद्यार्थी सहभागी भएका थिए ।

सहभागी परीक्षार्थीमध्ये ८६ हजार दुई सय ४६ विद्यार्थीले सबै विषयमा ग्रेड प्राप्त गरी उत्तीर्ण भएका बोर्डका परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए । परीक्षामा दुई जनाको नतिजा रद्द गर्नुका साथै तीन जनाको परीक्षा स्थगित भएको थियो ।




सार्वजनिक भएको नतिजामा परीक्षार्थीलाई चित्त नबुझेर पुनर्योग गर्न चाहनेले १५ दिनभित्र आवेदन दिनसक्ने बोर्डले जनाएको छ ।

# चिउरीको दाना...

...सोही ठाउँका खडकबहादुर महरा पनि चिउरी पेल्न आएकाले पालो कुरेर बसेको बताए । 'पैसा तिर्नु नपर्ने जंगलमा त्यसै खेर गइरहेको चिउरीको दानाबाट अर्ग्यानिक खाना खान पाएको उनले बताए । बजारको तेल किन्नै पर्दैन, पैसाको पनि बचत हुन्छ', उनले भने । आफूलाई पुगेर बचेको घ्यू बिक्री गरेर आम्दानी गर्ने गरेको महराले बताए । चिउरीको घ्यू स्वास्थ्यका लागि एकदमै राम्रो मानिन्छ । चिउरीको घ्यूमा कुनै मिसावट हुँदैन आफैंले टिप्ने र पेल्ने गरेकाले शुद्ध हुने उनको भनाइ छ । चिउरी असारमा पाक्छ । साउनमा टिप्ने गरिन्छ । महराले भने, 'चिउरी खाएर रहेको बियाँलाई धोएर नबिग्रने गरी सुरक्षित राख्छौं ।' एक वर्षमा झण्डै तीन मुरी चिउरी टिप्ने गरेको वर्षभरिलाई पुग्ने गरेको उनले बताए । 'यसलाई बजारमा बिक्री गर्न नलैजाने गाउँघरमै बिक्री हुने गरेको छ । घ्यू किन्न आउनेलाई आठ सय धार्नीमा बिक्री गर्ने गरेका छौं', उनले भने । त्यहाँका सबैजसोले चिउरी टिप्ने गरेको महराले बताउभयो । एक महिना दुःख गर्यो भने वर्षभरि खान पुग्ने चिउरी घ्यू हुन्छ, त्यसैले गाउँले सबै मिलेर बिजुला टिप्ने गरेको बताए । घोराही उपमहानगरपालिका-१८ का वडाध्यक्ष भरत अर्यालले चिउरीको घ्यू पेल्ने कोल र ढिकीलाई संरक्षण गरेको बताए । खुला आकाशमुनि रहेको परम्परगत कोलको संरक्षण गर्न वडा कार्यालयले एक लाख उपलब्ध गराएको उनले बताए । *-रासस*

## खेलकुद समाचार

# नेपालले अमेरिकालाई हरायो



**काठमाडौं,** कार्तिक ४/दोस्रो टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालले अमेरिकालाई सुपर ओभरमा हराएको छ । अमेरिकाले दिएको ३ रनको लक्ष्य नेपालले ४ बलमा भेटायो । सुपर ओभरमा अमेरिकाले २ रन बनाएको थियो । नेपालका सोमपाल कामीले २ रन दिएर २ विकेट लिए ।

त्यसअघि नेपालले दिएको १ सय ७१ रनको लक्ष्य पछ्याएको अमेरिकाले २० ओभरमा ८ विकेट गुमाएर १ सय ७० रनमात्रै बनाउन सक्यो । नेपाल र अमेरिकाको स्कोर बराबरी भएपछि खेल सुपर ओभरमा पुगेको हो । अमेरिकाका आन्द्रेस गौसले सबैभन्दा धेरै ६२ रन बनाए । नेपालका करण केसीले ३, सोमपाल कामीले २ तथा सागर ढकाल र दीपेन्द्रसिंह ऐरीले समान १ विकेट लिए । यसअघि डालासमा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाएर १ सय ७० रन बनायो । नेपालका कुशल भुर्तेलले नटआउट ९२ रन बनाए । भुर्तेलले ५४ बल खेल्दै ६ छक्का र ७ चौका प्रहार गरे । अमेरिकाका जसदीप सिंह र नोस्थुश केन्जिगेले समान २ विकेट लिए । यो जीतसँगै नेपालले तीन खेलको शृंख्ला एक खेलअघि नै जितेको छ । अमेरिकासँगको पहिलो खेलमा नेपाल १७ रनले विजयी भएको थियो ।

## एन.ओ.सि हराएको सूचना

मिति २०८१/०५/२५ गते तानसेनको गैरगाँउदेखि बिशाालबजार आउँने क्रममा बगनासकाली-९, चापपानी बस्ने अस्मिना थापाको No abjectiion certificate (NOC) हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** अस्मिना थापा

**ठेगाना :** बगनासकाली-९, चापपानी

NOC.No : 7866168

**सम्पर्क नं. :** ९८२१९४४४७५, ९८००७३६३४५

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य हालसमम्मकै उच्च बिन्दुमा




**पाल्पा,** कार्तिक ४/स्थानीय बजारमा सुनको मूल्य हालसम्मकै उच्च भएको छ । आइतबार नेपाली बजारमा सुनको भाउ तोलामा ६ सय रुपैयाँले बढेर अहिलेसम्मकै उच्च बिन्दुमा पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको मूल्य प्रतितोला छ सयले वृद्धि भइ एक लाख ६५ हजार कायम भएको छ । महासंघका अनुसार शुक्रबार छापावाल सुन प्रतितोला एक लाख ६४ हजार चार सयमा कारोबार भएको थियो । त्यस्तै चाँदीको मूल्य तोलामा ९५ ले वृद्धि भएको छ । शुक्रबार प्रतितोला एक हजार नौ सय ८० मा कारोबार भएको चाँदीको मूल्य आइतबारका लागि भने दुई हजार ७५ निर्धारण भएको महासंघले जनाएको छ । अहिले सुनको मूल्य प्रतितोला १ लाख ६५ हजार रुपैयाँ निर्धारण गरिए पनि उक्त मूल्यमा सर्वसाधारणले गहना पाउँदैनन् । गहनामा व्यवसायीले ज्याला र जर्तीका नाममा थप १२ देखि १८ प्रतिशत शुल्क जोड्छन् । त्यस्तै बिहीबारको तुलनामा चाँदीको मूल्यमा शुक्रबार ३० रुपैयाँले वृद्धि भएको छ ।

सुनको भाउले अझै बढ्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई